# चिनियाँ नागरिकको मृत्यु

नयाँ पत्रिका
नुवाकोट, ३१ वैशाख

माथिल्लो त्रिशूली थ्री ए जलविद्युत् आयोजनाको प्रसारण लाइनको टावर बनाउने क्रममा दुर्घटना हुँदा मंगलबार एक चिनियाँ नागरिकको मृत्यु भएको छ। लिखु गाउँपालिका-३ स्थित चौघडामा प्रशारण लाइनको टावर बनाउने क्रममा टावरको माथिल्लो भागबाट झरेको सामानले लाग्दा चिनियाँ नागरिक ४७ वर्षीय हियोझ्याङ्को मृत्यु भएको हो। माथिबाट खसेको फलामको सामग्रीले टाउकोमा लाग्दा उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिए। टाउकोमा चोट लागेर गम्भीर घाइते भएका हियोझ्याङ्को उपचारका लागि नुवाकोट जिल्ला अस्पताल त्रिशूली ल्याउने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ। उनको शव मंगलबारै राजधानी पठाइएको छ।



## गौरादह नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### गौरादह, झापा
### १ नं प्रदेश नेपाल

**बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति - २०७६/०२/०१

यस कार्यालयबाट तपशिल बमोजिमका निर्माण कार्य गर्नका लागि मिति २०७५/१२/१४ र २०७५/१२/२६ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना अनुसार दाखिला भएका बोलपत्र तथा दरभाउपत्रहरु मध्ये सबैभन्दा न्यूनतम रकम कबोल गर्ने र सारभुत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमका बोलपत्र तथा दरभाउपत्रहरु स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनार्थ बोलपत्र तथा दरभाउपत्रमा भाग लिने सम्पुर्ण निर्माण व्यवसायी हरुलाई जानकारी गराइन्छ।

| क्र.सं. | दरभाउपत्र नं. | फर्म/निर्माण व्यवसायीको नाम र ठेगाना | न्यूनतम कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | C/11/075-076 | पवित्रादेवी कन्स्ट्रक्सन प्रा.लि., गौरादह-०२, झापा | रु. ४४,५१,६८६।०२ |
| २ | C/12/075-076 | गौरादह निर्माण सेवा प्रा.लि., गौरादह-०२,झापा | रु. ९,५९,१९९।५४ |
| ३ | C/13/075-076 | रेनता निर्माण सेवा, दमक-१२,झापा | रु. ११,६५,६६७।३२ |
| ४ | R/25/075-076 | जगदम्बा बिपिन निर्माण सेवा, रंगेली, मोरंग | रु. १०,६९,२२८।६० |
| ५ | R/26/075-076 | लक्की कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ बिल्डर्स, बिर्तामोड-०६, झापा | रु. ७,७२,७२२।२५ |

प्रमुख प्रशासकीय अधिकृत

# ...मा क्षति



खाद्यबालीका रूपमा रहेको मकै नै नफलेपछि यस वर्ष खडेरी लाग्ने चिन्ता किसानलाई छ। गाउँपालिकाको अधिकांश भूभाग भिरालो र महाभारत क्षेत्रमा पर्छ। यहाँको मुख्य खाद्यान्न मकै र आलु हो। यस क्षेत्रको पानीको मुख्य स्रोत कोसी नदी हो। तर, खानेपानी र सिँचाइ आयोजना निर्माण गर्न नसक्दा स्थानीयले कोसीको पानी उपभोग गर्न सकेका छैनन्। नदी किनारामा सञ्चालन भएका दर्जनौँ क्रसर उद्योगका कारण बाह्रै महिना कोसीको पानी धमिलो हुने गरेको स्थानीय बताउँछन्।

# सञ्चार क्षेत्रप्रति रिसराग छैन : सञ्चारमन्त्री

हेटौँडा/ सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले सञ्चार क्षेत्रप्रति सरकारले कुनै रिसराग नराखेको बताएका छन्। हेटौँडास्थित हुप्रचौरमा निर्माण गरिएको डिजास्टर रिकभरी केन्द्रको मंगलबार उद्घाटन गर्दै मन्त्री बाँस्तोलाले मिडियासँग सरकारको कुनै दुश्मनी नरहेको बताए। 'अहिले सञ्चार क्षेत्रले फिर्ता लिनुपर्छ भनिएको कानुन संसद्मा पेस नै गरिएको छैन,' उनले प्रश्न गर्दै भने, 'पेस नै नगरिएको कानुन कसरी फिर्ता लिने हो ?'

डाटा सेन्टर आर्थिक क्षेत्रको मेरुदण्ड भएको बाँस्कोटाको भनाइ थियो। हेटौँडा-४ हुप्रचौरको दक्षिण भागमा १० कट्ठा क्षेत्रफलमा कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)ले ४८ करोड लागतमा डाटा सेन्टर निर्माण गरिदिएको हो। सिंहदरबारमा रहेको डाटा सेन्टरको विकल्पको रूपमा निर्माण गरिएको यसलाई डिजास्टर रिकभरी सेन्टर नाम दिइएको छ।

Government
frastructure Development
ructure Directorate